म.नि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २३९ बिहीबार २४ चैत २०७८ षष्ठी नै. सं. ११४२ चिल्लाथ्व 7 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हेटौंडा-१३ वनस्पतीमा प्रहरी भवनको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ हेटौंडा-१३, वनस्पतीमा प्रहरी भवनको उद्घाटन भएको छ ।

बुधबार जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले नवनिर्मित भवनको उद्घाटन गरेका हुन् ।

शौचालयसहित ३ कोठे भवन निर्माणमा करिब ११ लाख ६१ हजार रुपियाँ खर्च भएको निर्माण समितिका अध्यक्ष तेजकुमार स्याङ्तानले जानकारी दिए ।

भवन निर्माणका लागि भौतिक योजना मन्त्रालयको १० लाख बजेट तथा शान्ति विकास संस्थाले एकलाख ७२ हजार रुपियाँ सहयोग गरेको निर्माण समितिका अध्यक्ष स्याङ्तानले बताए । सामुदायिक प्रहरीका अध्यक्ष विश्व आलेमगरको सभाध्यक्षतामा उद्घाटन कार्यक्रम भएको थियो ।

विद्यालयमा यौन दुर्व्यवहार गरेको घटना गाउँमै मिलाउने प्रयास

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ विद्यालयमा शिक्षकले बालिकाहरुमधि गरेको यौन दुर्व्यवहारको घटना गाउँमा नै मिलाउने प्रयास गरेको पाइएको छ ।

पूर्वी मकवानपुरको बागमती गाउँपालिका-८ स्थित जनता माविमा शिक्षकले बालिकालाई दुर्व्यवहार गरेको घटना गाउँमा नै मिलाउने प्रयास गरेको पाइएको हो । विद्यालयको ३ जना शिक्षले सोही विद्यालयमा अध्ययनरत् बालिकाहरुमाथि यौन दुर्व्यवहार गरेको भन्दै विद्यार्थीहरुले मंगलबार विद्यालयमा तोडफोड तथा तालाबन्दी समेत गरेका थिए ।

विद्यालयको कक्षा ४ देखि ८ सम्म अध्ययनरत् करिब ७५ जना छात्रालाई विद्यालयको ३ जना शिक्षकहरुले आफूहरुलाई गलत नियतले छुने गरेको बालिकाहरुको आरोप छ । उनीहरुले वर्षौंदेखि शिक्षकहरुले आफूहरुलाई गलत नियतले संवेदनशील अंगमा छुने गरेको आरोप लगाएका छन् ।

सोही विषयमा स्थलगत अध्ययन गर्न एएको मकवानपुरका मानव अधिकार तथा बालअधिकार सम्बन्धी संघसंस्थाहरुका अनुसार उक्त घटनालाई गाउँमा नै मिलाउने प्रयास भएको पाइएको हो । गाउँका राजनीतिक दल, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुले नै घटना गाउँमै मिलाउने प्रयास गरेको जनाएको छ । संघसंस्थाले घटनाको विषयमा प्रत्यक्षरुपमै घटनास्थलमै पुगेर पीडित विद्यार्थीसँग भेटघाटको क्रममा मेलमिलापको प्रयास भइरहेको पाइएको जनाएको छ । बुधबार घटनाको स्थलगत अवलोकन गरेर आएपछि ८ वटा संघसंस्थाले संयुक्त रुपमा पत्रकार सम्मेलनको आयोजना गर्दै घटनाबारे जानकारी गराएको थियो । 'अहिलेसम्म उजुरी परेको छैन । सबै नाबालिका नै छन् । नाबालिकाको हकमा अभिभावकले उजुरी दिनुपर्नेहो । अभिभावकले यस विषयलाई खासै महत्व दिएको पाइँदैन', माईती नेपाल हेटौंडाकी संयोजक माया लामाले भनिन् । उनले पीडितमाथि राजनीतिकरण हुने सम्भावना देखिएकोसमेत बताइन् । लामाका अनुसार उक्त घटनालाई पटकपटक गाउँमा नै मिलाउने प्रयास गर्दासमेत असफल भएको पाइएको बताइन् ।

कक्षा ४ देखि ८ सम्मका १५ जना विद्यार्थीले विद्यालयका शिक्षक रुद्रबहादुर विक, हेमबहादुर विक र लोकबहादुर विकले आफूहरुलाई गलत नियतले छुने गरेको भन्दै बालिकाहरुले चैतको १४ गते नै विद्यालयमा लिखितरुपमा निवेदन दिएका थिए । यसअघि चैत २ गते नै उनीहरुले विद्यालयका प्रधानाध्यापक बसन्त राईलाई घटनाबारे मौखिक रुपमा जानकारी गराए पनि शिक्षक सेवा आयोगको परीक्षा भन्दै विद्यालय बन्द गराएको विद्यार्थीहरुको आरोप छ । मैखिकरुपमा गराएको जानकारीलाई विद्यालय प्रशासनले गम्भीररुपमा नलिएपछि चैतको १२ गते विद्यार्थीहरुले र २० गते अभिभावकले समेत विद्यालयमा उजुरी दिएका थिए । सोही विषयमा छलफल गर्न मंगलबार राजनीतिक दलसहित बसेको बैठकमा चित्त नबुझेपछि विद्यार्थीहरुले विद्यालयमा तोडफोड गर्दै तालाबन्दी गरेका थिए ।

'छात्रामाथि भएको यस किसिमको अमानवीय र जघन्य अपराध विरुद्ध प्रहरी प्रशासनबाट उचित अनुसन्धान गरी पीडित बालिकाहरुको गोपनियता, आत्मसम्मान, मनोसामाजिक अवस्था र संवेदनशिलतालाई ध्यानमा राखेर दोषीलाई उन्मुक्ति नपाउने गरी हदैसम्मको कारवाहीका माग गर्दछौं, मानव अधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्धको सञ्जालका संयोजक आरती पाठकले पत्रकार सम्मेलनमा भनिन् । सिविन हेल्पलाइन, स्नेर्ड राडो नेप्राल, हिमराष्ट्रस, शान्ति फाउण्डेसन, ग्रामीण महिला सेवा केन्द्र, सञ्चारिका समूह नारी सीप सिर्जना केन्द्र हेटौंका प्रतिनिधिहरु घटनाको विषयमा जानकारी लिन घटना स्थल पुगेका थिए । स्थलगत अवलोकन गरी हेटौंडा आएका संघसंस्थाहरुले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै अभिभावकहरुले नै घटनाबारे नबोल्न बालबालिकालाई दबाब दिएको आरोप लगाएको छ ।

स्थानीय सरोकारवालाको धारणा बुझ्दा यस समस्यालाई समाधानको निम्ति स्थानीयस्तरमै मेलमिलापको प्रयास गर्न खोजिनु र अभिभावकले आफ्नै बालबालिकालाई नबोल्न दबाब दिएको प्रत्यक्ष देखिएकोले यो उजुरी दर्ता हुने वा नहुने र दर्ता भएपनि पीडित बालिकाले बयान फर्ने वा नफर्ने कुरामा शंका नै रहेको हुँदा हामी सबै सरोकारवालाहरु यस प्रति सचेत रहन आग्रह गर्दछौं', विज्ञप्तिमा भनिएको छ ।

मकवानपुर प्रहरीले विद्यालयमा शिक्षकले छात्रामाथि यौन दुर्व्यवहारको घटनामा संलग्न शिक्षकलाई तत्काल पक्राउ गर्न नसकिने जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले घटनाको विषयमा पीडित पक्षबाट लिखितरुपमा उजुरी नआएका कारण पक्राउ गर्न नसकिएको जनाएका हुन् । 'उजुरी विना पक्राउ गर्न मिल्दैन । लिखित आएपछि अनुसन्धानका लागि हामीले नियन्त्रणमा लिन सक्छौं', उनले भने । प्रहरी उपरीक्षक गुरुङका अनुसार विद्यालयको सुरक्षा प्रहरीले गरिरहेको छ ।

म्यादी प्रहरीमा एक हजार ४ सय ७३ जना छनौट

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ मकवानपुरमा एकहजार चारसय ७३ जना म्यादी प्रहरीमा छनौट भएका छन् । आगामी बैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनको लागि मकवानपुरका एकहजार चारसय ७३ जना म्यादी प्रहरीमा छनौट भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्राप्त आवेदनमध्ये चैत १५ गतेदेखि २१ गतेसम्म सञ्चालित शारीरिक तन्दुरुस्ती, स्वास्थ्य परीक्षण, लिखित परीक्षा तथा अन्तर्वार्तामा सफल भएका परिक्षार्थीहरुको नामावली सार्वजनिक गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले दुईसय ९५ जनाको नाम वैकल्पिकमा निकालेको छ । छनौट भएका उम्मेदवारहरुले नियुक्ति पत्रको लागि सक्कल नागरिकता र सक्कल प्रवेश पत्रसहित नियुक्तिपत्र लिन जिल्ला प्रहरी कार्यालय मकवानपुरको कार्यालयमा जान समेत सूचना गरिएको छ । म्यादी प्रहरीमा छनौट भएकाहरुलाई भोलि २४ गते र २५ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म नियुक्ति वितरण गर्ने जिप्रका मकवानपुरले जनाएको छ । यस्तै, म्यादी प्रहरीको प्रशिक्षणको लागि पुरुषलाई ट्र्याक सुट वा गेम ड्रेस र महिलाको हकमा कुर्ता सुरुवाल वा गेम ड्रेस अनिवार्य गरिएको छ । म्यादी प्रहरीको लागि तीनहजार सातसय ३७ जनाले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा आवेदन दिएका थिए ।

म्यादी प्रहरीमा दुई हजार पाँचसय ९६ जना पुरुष तथा एकहजार एकसय ४१ जना महिलाले आवेदन दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । म्यादीको चैत २८ गतेबाट तालिम सुरु हुँदैछ ।

वडाको उम्मेदबार धमाधम टुङ्ग्याउँदै एमाले

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ आगामी वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनको लागि नेकपा एमालेले धमाधम उम्मेदबारको टुंगो लगाउन थालेको छ । एमालेले सुरुवातमा स्थानीय तहको वडाध्यक्ष र सदस्य उम्मेदवारहरुको टुंगो लगाउन थालेको हो । एमालेले आज बिहिबारसम्म जिल्लाको १०२ वटै वडाको उम्मेदवार टुंगो लगाउने गरी काम गरिरहेको नेकपा एमाले मकवानपुरका सचिव नविन सिरदेलले जानकारी दिए ।

उनका अनुसार पार्टीले बुधबार बेँहि वडाका उम्मेदबारहरुको टुंगो लगाएको छ । उनले बुधबार जिल्लाको १० वटा पालिकामध्ये कतिवटा वडाको उम्मेदवारहरुको टुंगो लाग्ये भन्ने तथ्याङ्क आइनसकेको बताए । उनका अनुसार हेटौंडाको ४ र ५, थाहा नगरपालिकाको र मकवानपुरगढी गाउँपालिकाको उम्मेदवार भने विवरण आइसकेको बताए ।

बुधबार साँझसम्म प्राप्त विवरण अनुसार एमालेबाट हेटौंडा-५ को वडाध्यक्षमा सुशील घिमिरे र ४ नम्बर वडामा पार्टी सचिव सिरदेल उम्मेदवार बन्ने पक्का भएको छ । सिरदेल ४ नम्बर वडाको वर्तमान वडाध्यक्ष हुन् । २०७४ को निर्वाचनमा एमालेबाट निर्वाचित भएका उनी आगामी निर्वाचनमा पुन: उम्मेदबार बन्ने भएका छन् । उनीहरु दुबैलाई पार्टीले सर्वसम्मत्रुपमा उम्मेदवार चयन गरेको जनाइएको छ ।

त्यसैगरी, थाहा नगरपालिका वडा नम्बर १ मा एमालेको तर्फबाट वडाध्यक्षसहित चार जना वडा सदस्यका उम्मेद्वारहरु सर्वसम्मत चयन भएका छन् । नेकपा एमाले मकवानपुरका सदस्य सुरेन्द्रमान प्रधानले दिएको जानकारी अनुसार थाहा नगरपालिकाको१ नम्बर वडाध्यक्षमा प्रदीप प्रधानलाई उम्मेदवार बनाउने निर्णय भएको छ । वडा सदस्यहरुमा श्याम बलामी(खुल्ला) भरत गोपाली(खुल्ला) शान्ति तामाङ (महिला) तथा सुकुमाया ल्वागुन(दलित) सदस्यमा सर्वसम्मत चयन भएका हुन् ।

त्यसैगरी मकवानपुरगढी गाउँपालिका वडा नम्बर-२ को वडाध्यक्षमा सन्तबहादुर सिंगारलाई एमालेले उम्मेदवार बनाउने भएको छ । त्यसैगरी, वडा सदस्यहरु खुल्ला तर्फ मंगलसिंह लुङ्वा र ध्रुब देवकोटा, महिलातर्फ अनिता थापामगर तथा दलित महिला सदस्यमा निर्मला विक उम्मेदवार बन्ने पक्का भएको छ ।

चौलागाईंलाई काम गर्न दिन उच्च अदालतको आदेश

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ बागमती प्रदेशको प्रदेश युवा परिषद्का उपाध्यक्ष सन्तोष चौलागाईंलाई पदमै रहेर काम गर्न दिन उच्च अदालत पाटन हेटौंडा इजलाशले आदेश जारी गरेको छ ।

उच्च अदालत पाटन हेटौंडा इजलाशले बागमती प्रदेश सरकारका नाममा आदेश जारी गरेको हो । प्रदेशको युवा तथा खेलकुद मन्त्रालयले मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार चौलागाईलाई पदमुक्त गरेको थियो ।

सरकारले बद्नियत राखी आफूलाई पदबाट हटाएको भन्दै चौलागाईले उच्च अदालत पाटन हेटौंडामा उत्प्रेषण परामदेशको रिट निवेदन दिएका थिए ।

उच्च अदालत पाटन हेटौंडा इजलाशका न्यायाधीश चण्डीराज ढकाल र मेरिना श्रेष्ठको इजलाशले चौलागाईलाई पदबाट हटाउने बागमती प्रदेश मन्त्रि परिषद्को निर्णय उत्प्रेषणको आदेशले बदर गर्दै चौलागाईलाई पदमै रहेर काम गर्न दिन सरकारका नाममा परमादेश जारी गरेको हो ।

रिट जारी भएसँगै चौलागाईले बागमती प्रदेश युवा परिषद्कै उपाध्यक्षको हैसियतमा काम कारबाही गर्ने बाटो खुलेको छ ।

चौलागाईका तर्फबाट अधिवक्ता ध्रुबप्रसाद चौलागाई, मदन दाहाल, मुकुन्द अधिकारी र बालकृष्ण अधिकारीले बहस गरेका थिए ।

कमल थापाका भतिजाले पनि त्यागे राप्रपा

हेटौंडा, २३ चैत/ राप्रपा नेपालका अध्यक्ष कमल थापाका भतिजा अभिषेक थापाले राप्रपा त्यागेका छन् । राप्रपाको केन्द्रीय सदस्यबाट राजीनामा दिँदै उनले पार्टी परित्यागको घोषणा गरेका हुन् । उनले बुधबारबाट साधारण सदस्यसमेत नरहने गरी राप्रपा सदस्यबाट राजीनामा दिएका छन् । गत मंसिरमा सम्पन्न महाअधिवेशनबाट उनी सदस्यमा निर्वाचित भएका थिए । थापाले पार्टीमा बिचलन बढ्दै एएकोले राप्रपामा बसिरहन अप्ठेरो महशुस भएको भन्दै राप्रपाको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएको जनाएको छन् । करिब दुई महिनाअघि कमल थापाले गृहनगर हेटौंडा आएर पार्टी परित्याग गरेका थिए । राप्रपा त्यागेका थापाले राप्रपा नेपललाई पुन: ब्युताएसँगै उनी पक्षधरका नेताहरुले पनि धमाधम पार्टी परित्याग गरिरहेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS

GRAND OPENING
Offer
रू.१०,०००।-
नगद छुट
YADEA e-SCOOTER का विशेषताहरु:
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुदने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞ब्याट्रिमा एक वर्ष वारेन्टी
बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (आटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

हाम्रो कुरा

छात्रामाथिको यौन दुर्व्यवहार तत्काल बन्द गर

मकवानपुरको पूर्वी बागमती गाउँपालिकास्थित जनता माध्यमिक विद्यालयका तीन जना शिक्षकहरुले विद्यालयमा अध्ययनरत् छात्राहरुमाथि यौन दुर्व्यवहार गरेको खबर बाहिरिएको छ । विद्यालयको कक्षा ४ देखि ८ सम्म अध्ययनरत् १५ जना छात्रामाथि ती शिक्षकहरुले पटक-पटक यौन दुर्व्यवहार गरेको भन्दै इलाका प्रहरी फापरबारीमा उजुरी परेको हो । छात्राहरुलाई शिक्षकहरुले गलत नियत राखेर संवेदनशील अंगहरुमा हातले बारम्बार छोएको उनीहरुले दिएको उजुरीमा उल्लेख भएको प्रहरीले बताइरहँदा शिक्षक जस्तो गरिमामय पेशामा रहेकाहरुबाट यस्तो गतिविधि हुनु समग्र शिक्षण पेशाकै मर्यादामा आँच आएको छ ।

घटनाबारे जानकारी भएपछि स्थानीय राजनीतिक दल, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, पीडित बालिका र अभिभावकसंग छलफल भएपनि सम्बन्धित शिक्षकहरु विद्यालयमा उपस्थित नभएपछि यो घटनाले उग्र रुप लिएको छ । यससंगै मानवअधिकार तथा बालबालिकाको क्षेत्रमा कार्य गर्ने विभिन्न संघसंस्थाहरुको टोलीले बुधबार घटनास्थलमै पुगेर घटनाबारे बुझ्ने काम गरेको छ । उक्त टोलीले हेटौंडा फर्केर पत्रकार सम्मेलन नै गरेर घटनाबारे स्थानीयस्तरमै मिलाउने प्रयास भइरहेको जनाएको छ । अभिभावकहरुले आफ्ना नानीबाबुको सुन्दर भविष्यको कल्पना गरेर उनीहरुलाई विद्यालय पठाएका हुन्छन् । तर, विद्यालयमै आफ्ना छोरीहरु सुरक्षित नहुने गरेको तथ्य सार्वजनिक भइरहँदा घटनालाई व्यक्तिकै मत्थर पारिने हो भने यस्ता घटना भोलिका दिनमा देशैभरि मौलाउन सक्छ ।

एक जना शिक्षकको गल्तीले सबै शिक्षकलाई उस्तै नजरले हेर्नु ठीक हुँदैन । समाजमा साधारण जीवनयापन गरेर बालबालिकाको भविष्यका लागि दिनरात खट्ने शिक्षकहरु पनि छन् । समाजले त्यस्ता उदारणीय खालका शिक्षकहरुको सम्मान गर्ने र गलत गर्नेलाई व्यक्तिगतरुपमा इङ्गित गरेर कडाभन्दा कडा कारबाही हुनुपर्दछ । यो वा त्यो बाहानामा यस्ता जघन्य अपराधबाट शिक्षकहरु उम्किन्छन् भने देशमा कानून नै छैन कि भन्ने भान पर्न जान्छ । भोलि अरु शिक्षकहरुको मनोवल बढ्न सक्छ । त्यसैले घटनाको सत्यतथ्य पत्ता लगाई निर्दोष नफस्ने र दोषी नउम्किने गरी कडाभन्दा कडा कारबाही प्रक्रिया तत्काल चाल्नु पर्दछ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बबबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६५८७, ९८४५९११९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत २५ गते शुक्रबार ८ अप्रिल २०२२ । चैत शुक्ल सप्तमी । चौल्लाथ्व षष्ठी ११४२ । सूर्योदय ५:४७ र सूर्यास्त ६:२४ मा हुनेछ ।

आजको राशिफल

मेष	: आतिथ्यपूर्ण सम्मान पाइनेछ	तुला	: स्वास्थ्यमा कमजोरी हुनेछ
वृष	: प्रेमको बन्धन कसिन सक्नेछ	वृश्चिक	: उपचारमा खर्च हुनेछ
मिथुन	: चुनौतीहरु देखा पर्न सक्नेछ	धनु	: लेनदेनमा विवाद हुनेछ
कर्कट	: व्यवसायमा सामान्य फाइदा हुनेछ	मकर	: धार्मिक कार्यले फाइदा हुनेछ
सिंह	: अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ	कुम्भ	: मन खिन्न बनाउन सक्छ
कन्या	: यात्रामा खर्च बढ्नेछ	मीन	: दिन उत्साहपूर्ण बन्नेछ

स्थानीय चुनावमा कसले मार्ला बाजी ?

ठूला दल स्वयं नै गठबन्धन बनाएर चुनावमा होमिंदा मतदाताका लागि विकल्प कम हुने लगायतका तमाम अप्ठेरा छन् । लोकतन्त्रका नाममा सिण्डिकेट प्रथा सुरु हुने संभावना पनि त्यतिकै छ ।

✍विन्दुकान्त घिमिरे

सत्ता गठबन्धनमा सामेल दलबीच भएको चुनावी तालमेल गर्ने सहमतिले आवश्यकता भन्दा बढी चर्चा पाएको छ । राजनीतिक दलबीचको चुनावी तालमेल नयाँ होइन । २०४८ सालको आम निर्वाचनदेखि नै तालमेलको अभ्यास हुँदै आएको हो । २०४८ सालको आम निर्वाचनमा 'एक वाम एक ठाम' को नाराका साथ कम्युनिष्ट पार्टी नेपाली कांग्रेसविरुद्ध मैदानमा उत्रेर उल्लेख्य सफलता प्राप्त गरेका थिए ।

छिटफुट रुपमा हुँदै आएको चुनावी तालमेलको अभ्यास २०७४ सालमा सम्पन्न स्थानीय तथा संसदीय निर्वाचनमा थप घनिभूत हुन पुग्यो । सामान्य अवस्थामा एउटै पार्टीले संसदमा बहुमत हासिल गर्न नसक्ने गरी संविधानको निर्माण गरिएका कारण पनि संसदीय चुनावमा तालमेल गर्नु ठूला दलका लागि समेत बाध्यता भयो । समानुपातिक तर्फ तीन प्रतिशत मत र प्रत्यक्षतर्फ कम्तिमा एक सिट जित्ने पर्ने गरी संविधानमा ब्रेसहोल्डको व्यवस्था गरिएका कारण सकेसम्म ठूला पार्टीसँग चुनावी तालमेल गर्नै पर्ने बाध्यतामा साना पार्टी पुगे ।

सकेसम्म तालमेल गर्नैपर्ने बाध्यता संसदीय चुनावमा भए पनि स्थानीय चुनावमा भने तालमेल गर्नै पर्ने बाध्यता थिएन । तर, नयाँ संविधान जारी भएपछिको पहिलो स्थानीय निर्वाचनमा ठूला दल एमाले, कांग्रेस र माओवादीले एक आपसमा तालमेल गरे । मुलकभरका करिब ७ सय ५३ वटा पालिका मध्ये गत स्थानीय निर्वाचनमा करिब दुई तिहाई पालिकामा चुनावी तालमेल भएको हो ।

गत स्थानीय निर्वाचनमा सबैभन्दा धेरै अर्थात् २ सय ९२ स्थानमा नेकपा एमालेले चुनाव जितेको थियो । जसमध्ये सय भन्दा बढी स्थानमा एमालेले माओवादी, राप्रपालगायत अन्य दलसँग तालमेल गरेर चुनाव जितेको थियो । उदाहरणका लागि त्यतिबेला गण्डकी प्रदेशका ८० पालिका मध्ये ४२ वटा पालिकामा एमाले र माओवादीबीच तालमेल भएको थियो । मुलुकको राजधानीसमेत रहेको काठमाडौं महानगरपालिकामा समेत एमालेले राप्रपासँग तालमेल गरेर मेयर पद हात पारेको हो । रुकुम रोल्पातिरका कतिपय पालिकामा त्यतिबेला माओवादीविरुद्ध कांग्रेस र एमालेबीच पनि तालमेल भएको थियो ।

यसैगरी गत स्थानीय निर्वाचनमा २ सय ६६ पालिकामा चुनाव जित्दै दोस्रो ठूलो पार्टी बनेको नेपाली कांग्रेसले पनि अन्य पार्टीसँग निकै धेरै ठाउँमा तालमेल गरेको थियो । त्यतिबेला करिव एक सय वटा पालिकामा कांग्रेसले अन्यपार्टीसँग तालमेल गरेको देखिन्छ । ती पालिकामध्ये तालमेलकै कारण कांग्रेसले २६ सिट जितेको थियो । उदाहरणका लागि कांग्रेसले माओवादीसँग तालमेल गरेर दोलखामा मात्रै दुई वटा पालिका जितेको थियो । तनहुँमा एउटा पालिका जितेको थियो । मधेसवादी दलसँग तालमेल गरेर तराईमा पनि कांग्रेसले केही पालिका हात पारेको थियो । यसैगरी १ सय ५ वटा पालिका जितेर तेस्रो ठूलो पार्टी बनेको माओवादी केन्द्रले पनि व्यापक तालमेल गरेको थियो । १ सय ५ वटा मध्ये माओवादीले करिब ५४ वटा पालिका कांग्रेस, एमाले, मधेसवादी लगायतसँग तालमेल गरेर जितेको थियो । करिब तीन दलकदेखि बहुदलीय प्रतिस्पर्धाका आधारमा निरन्तर निर्वाचन भइरहेका कारण ठूला दल स्थानीय तहमै संस्थागत संगठन बनिसकेका छन् । ठूला दलमध्ये पनि कांग्रेस र एमाले भनेका यस्ता पार्टी हुनु, जसको संगठन मुलुकका सबै वडामा छ । सबै वडामा निश्चित प्रतिशत स्थायी मत छ ।

मुलुकका ७ सय ५३ वटा पालिकामध्ये करिव एक-एक सय पालिकामा ५० प्रतिशत मत कटाउने हैसियतमा कांग्रेस र एमाले छन् । यस्ता पालिकामा अरु सबै पार्टी एकैठाउँमा उभिएर मोर्चाबन्दी बनाए पनि कसैको केही लाग्दैन । उदाहरणका लागि गत स्थानीय निर्वाचनमा दोलखा जिल्लाका ९ वटै पालिकामा कांग्रेस र माओवादी केन्द्रबीच चुनावी गठबन्धन भएको थियो । तर, ७ वडामा एमालेले चुनाव जित्यो । कांग्रेसले दुई वटामा मात्रै जित्यो । माओवादीले एउटामा पनि चुनाव जित्न सकेन ।

यता केही अपवादलाई छाडेर गण्डकी प्रदेशका प्राय सबै पालिकामा एमाले र माओवादीबीच चुनावी तालमेल भयो । यति हुँदा हुँदै पनि सबै भन्दा धेरै पालिका नेपाली कांग्रेसले नै जित्यो । हेटौंडा र बुटवल उपमहानगर पालिकामा कांग्रेस र माओवादीबीच चुनावी तालमेल भएको थियो । तर, दुवै उपमहानगरपालिकामा निकै फराकिलो अन्तरले एमालेले चुनाव जित्यो । सत्ताखढ गठबन्धनबीच भएको चुनावी तालमेलले आवश्यकता भन्दा बढी चर्चा पाउनुको एउटै कारण हो, 'नेकपा एमालेलाई एक्ल्याउने निर्णय ।' यस अघि जुन पालिकामा जुन पार्टीसँग अनुकूल हुन्छ त्यसैसँग तालमेल भएको थियो । तर, यस पटक एमालेसँग कुनै पनि हालतमा तालमेल नगर्न सत्तागठबन्धनमा सहभागी दलले आफ्ना स्थानीय संगठनलाई निर्देशन दिएका छन् । त्यसैले एमालेले विगतमा जस्तो आवश्यकता अनुसार कतै माओवादीसँग र कतै कांग्रेससँग तालमेल गर्न पाउने सम्भावना छैन ।

अघिल्लो स्थानीय निर्वाचनको जोड घटाऊ तथा सत्ता गठबन्धनको निर्णयलाई आधार मान्ने हो भने विगतमा जितेका २९२ पालिकामध्ये एमालेले उल्लेख्य पालिका गुमाउन सक्छ । एमालेले करिब एक सय पालिकामै चित्त बुझाउनु पर्ने सम्भावना पनि आउनसक्छ । त्यसमाथि पनि एमालेबाट माधव नेपाल समूह बाहिरिएको छ । कति मदताता लिएर माधव समूह एमालेबाट बाहिरिएको छ ? भन्ने एकिन गर्नका लागि चुनावी परिणाम पर्खेनुबाहेक अर्को विकल्प देखिँदैन । तर, जति नेता तथा कार्यकर्ता एमालेबाट बाहिरिएको अवस्था छ, त्यो भन्दा बढी नेता तथा कार्यकर्ता माओवादी केन्द्रबाट एमालेमा भित्रिएको अवस्था छ । यो अवधिमा मधेसवादी दलका पनि उल्लेख्य नेता तथा कार्यकर्ता एमालेमा प्रवेश गरेका छन् । यो लहर हेर्दा एमाले बलियो देखिए पनि माओवादी निकै कमजोर भएको छ । नेपाली कांग्रेसले माओवादीको सहयोगले जति सिटमा जित हासिल गर्न सक्छ, एमालेले राप्रपाको सहयोगले त्यत्ति नै सिट जित्न सक्ने अनुमान गर्न सकिन्छ । गत स्थानीय तहको निर्वाचनका बेलाको भन्दा कांग्रेसको जनमत बढेको वा घटेको छ भनेर अनुमान गर्न सक्ने अवस्था छैन । १४ औं महाधिवशेनमार्फत केही लोकप्रिय युवा नेता नेतृत्व तहमा पुगेको अवस्थाबाहेक नेपाली कांग्रेसमा जनताको अकर्षण थपिएको छैन । शेरबहादुर देउवा पहिलो पटक प्रधानमन्त्री भएयता थपिएका मतदाताको बाहुल्यता मुलुकमा छ । तर, देउवामाथि जनआकर्षण छैन । गत स्थानीय चुनावपछि कांग्रेसबाट बाहिरिने नेता तथा कार्यकर्ताको संख्या उल्लेखनीय छ । तर, कति भित्रिएका छन् भन्ने तथ्यांक छैन । त्यसैले एमाले विभाजित भएकोले कांग्रेस बलियो बनेको छ भनेर विश्लेषण गर्न हतार गर्नुपर्ने अवस्था छैन ।

सिटको झगडा

पाँच दलीय गठबन्धनका लागि मुख्य चुनौती भनेकै सिट बाँडफाँड हो । स्थानीय संगठनले तालमेलको पक्षमा निर्णय गरेपनि सिट बाँडफाँडको मामिलामा भने निर्णय गर्न सकिरहेका छैनन् । उदाहरणका लागि चितवन कांग्रेसले जिल्लाका सबै तहमा तालमेल गर्ने निर्णय गरेको छ । तर, भरतपुर महानगरपालिकाको मेयर कांग्रेसले नै पाउनुपर्ने निर्णय गरेको छ ।

भरतपुरका सन्दर्भमा मात्रै होइन, सत्ता गठबन्धनका लागि देशैभरको चुनौती भनेको यही हो । तर, नेताहरुले बखेडा ननिकाल्ने हो भने यो चुनौती सामाना गर्न असहज छैन । तालमेलको मुख्य आधार केलाई बनाउने ? भन्ने मोटामोटी सहमति सत्ता गठबन्धन भित्र भइसकेको छ । गत स्थानीय निर्वाचनमा जुन पालिकामा जुन पार्टीले जितेको छ, त्यसलाई यथावत राख्ने सहमति भएको छ । एमालेले जितेका पालिकामा मात्रै भागवण्डा गर्ने सहमति भएको छ । यही सहमति अनुसार चैत २५ गतेसम्ममा आ-आफ्नो पार्टी संगठनको अवस्थाबारे रिपोर्टिंङ लिएर चैत २५ गते पुनः बैठक बस्ने निर्णय गरेको छ ।

ठूला दल स्वयं नै गठबन्धन बनाएर चुनावमा होमिंदा मतदाताका लागि विकल्प कम हुने लगायतका तमाम अप्ठेरा छन् । लोकतन्त्रका नाममा सिण्डिकेट प्रथा सुरु हुने संभावना पनि त्यतिकै छ । यति हुँदाहुँदै पनि तालमेलका सकरात्मक पक्ष पनि निकै छन् । पहिलो कुरा त स्थानीय तहमा क्रियाशील सबै पार्टीको प्रतिनिधित्व हुने सम्भावना बढ्छ । दोस्रो कुरा एक पार्टी र अर्कोपार्टीका कार्यकर्ता तथा समर्थकबीच लामो समयदेखिको तित्कता कम हुँदै जान्छ । तर, प्रत्यक्ष निर्वाचनमा गरिने तालमेललाई संसदमा गरिने गठबन्धनका रुपमा हेर्नु भने गल्ती हुनेछ । उमेद्वार चित्त बुझेन भने पार्टी भित्रैको सबै मत खस्दैन । क्रियाशील सदस्यको संख्या जति छ त्यो भन्दा पनि कम मत प्रमुख पार्टीका उमेद्वारले कतिपय वडाका ल्याएको नजिर गत स्थानीय निर्वाचनको छ । गठबन्धनका उमेद्वारलाई गठबन्धनमा सामेल पार्टीका सबै मत खस्दैन । यस्ता मामिलालाई सत्ता गठबन्धनमा सामेल दलले ख्याल गरेनन् भने चुनावी तालमेल प्रत्युत्पादक हुने निश्चित छ । सत्ता गठबन्धनमा सामेल पार्टीको कुल मत ६० प्रतिशत कट्ने सम्भावना रहेको पालिकामा जुनसुकै पार्टीलाई अघि लगाए पनि केही फरक पर्दैन ।

तर, ६० प्रतिशत मत नकट्ने सम्भावना रहेका पालिकामा भने जुन पार्टी ठूलो छ उसैलाई अघि लगाइएन भने चुनाव जिल्ने सम्भावना रहन्न । तालमेल गर्दा ५-१० प्रतिशत मतको चुहावट हुने सम्भावना निश्चित जस्तै हुन्छ । यसैगरी साना दलले हेपिएको महसुस गरे भने पनि मत चुहिने सम्भावना बढ्छ । तालमेल गरेर जाँदा पनि गत स्थानीय निर्वाचनको जस्तै परिणम आयो भने वर्तमान सत्ता गठबन्धनमा सामेल दलमाथि सामान्य संकट उत्पन्न हुँदैन । कतिपय दलको त अस्तित्व लोप हुने सम्भावना रहन्छ । किंत गठबन्धन गर्नैं हुँदैन, गठबन्धन गरिसकेपछि हार्नै भिल्दैन । गत स्थानीय निर्वाचनमा एमालेबाट चुनाव जितेका २ सय ९२ मेयर (प्रमुख, अध्यक्ष) मध्ये थोरै मात्रै अन्य पार्टीमा लागेको देखिएको छ । तर, माओवादी, मधेसीदलबाट चुनाव जितेकामध्ये करिब दुई दर्जन मेयर एमाले प्रवेश गरेका छन् ।

केही उदाहरण

माओवादी केन्द्रबाट धादिङ बेनिघाट रोराङ गाउँपालिका अध्यक्ष पित्तबहादुर डल्लाकोटी नेकपा (एमाले) प्रवेश गरेका छन् । रुपन्देहीको रोहिणी गाउँपालिकाका अध्यक्ष सनोजकुमार यादव र ओमसतिया गाउँपालिकाका अध्यक्ष हिरा केवट एमालेमा प्रवेश गरेका छन् । रोहिणी गाउँपालिकाका अध्यक्ष यादव गत स्थानीय तहको निर्वाचनमा संघीय समाजवादी फोरमबाट निर्वाचित भएका थिए । त्यस्तै, ओमसतियाका अध्यक्ष केवट नेकपा माओवादी केन्द्रबाट निर्वाचित भएका थिए । माओवादीबाट विजयी पर्सा जिल्लाको जगन्नाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मियाँ पनि एमाले प्रवेश गरेका छन् ।

यसैगरी धनुषा, गणेशमान चारनाथ नगरपालिकाकी उपमेयर मीनाकुमारी यादव माओवादी परित्याग गरी एमाले प्रवेश गरेकी छन् । उनी पनि माओवादी त्यागेर एमालेतर्फ लागेकी हुन् । महोत्तरीको जलेश्वर नगरपालिकाकी उपमेयर मनचुन देवी मधेसी दल परित्याग गरी नेकपा एमालेमा प्रवेश गरेकी छन् । महोत्तरीकै सम्सी गाउँपालिकाका अध्यक्ष शेख फारुख पनि माओवादी परित्याग गरी एमालेमा प्रवेश गरेका छन् । पर्सा संगठनको अवस्थाबारे रिपोर्टिंङ लिएर चैत २५ गते पुनः बैठक बस्ने निर्णय गरेको छ ।

ठूला दल स्वयं नै गठबन्धन बनाएर चुनावमा होमिंदा मतदाताका लागि विकल्प कम हुने लगायतका तमाम अप्ठेरा छन् । लोकतन्त्रका नाममा सिण्डिकेट प्रथा सुरु हुने संभावना पनि त्यतिकै छ । यति हुँदाहुँदै पनि तालमेलका सकरात्मक पक्ष पनि निकै छन् । पहिलो कुरा त स्थानीय तहमा क्रियाशील सबै पार्टीको प्रतिनिधित्व हुने सम्भावना बढ्छ । दोस्रो कुरा एक पार्टी र अर्कोपार्टीका कार्यकर्ता तथा समर्थकबीच लामो समयदेखिको तित्कता कम हुँदै जान्छ । तर, प्रत्यक्ष निर्वाचनमा गरिने तालमेललाई संसदमा गरिने गठबन्धनका रुपमा हेर्नु भने गल्ती हुनेछ । उमेद्वार

संघीयतामा मातृभाषा पत्रकारिता

✍राकेशप्रसाद चौधरी

नेपालको संविधानले देशभित्र बोलिने हरेक भाषालाई राष्ट्र भाषाको मान्यता दिएको छ । हरेक नेपालीलाई आफ्नो मृतभाषाको संरक्षण, संवर्द्धन र प्रोत्साहन गर्ने हक हुनुका साथै त्यसमा सञ्चार गर्ने अधिकार प्राप्त छ । तथापि सरकारी कामकाजमा नेपाली भाषाकै पकड छ । प्रदेश सरकारलाई एक वा एकभन्दा बढी भाषालाई प्रादेशिक कामकाजको भाषा बनाउनसक्ने अधिकार छ । यस्ता अधिकारको उपभोग गर्नबाट प्रदेशभाषी वञ्चित छन् । नेपाल प्रादेशिक संरचनामा जानु अगावैदेखि मात्र नभई संघीयता बहस हुनुभन्दा पहिल्यै नेपालीसँगै अन्य मातृभाषा पत्रकारिताको अभ्यास सुरु भइसकेको थियो ।

संविधानको धारा ७ (१) मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने र ७ (२) मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने लेखिएको छ । त्यस्तै ७ (३) मा भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने लेखिएको छ । संघीयताको अभ्यास भएदेखि अधिकार सम्पन्न रहेको स्थानीय सरकारले अझैसम्म मातृभाषा शिक्षा विकासको विषयमा मात्र नभई मातृभाषा पत्रकारिता सम्बन्धमा समेत पर्याप्त बहस गर्न सकेको छैन । केही स्थानीय सरकारहरूले पालिकास्तरमा पत्रकारहरूको सञ्जाल गठन गर्न सफल भएका छन् । यस्ता सञ्जाललाई स्थानीय सरकारले ससाना कार्यक्रमको नाममा अल्झाउने गरेको पाइन्छ । पालिकाभित्र छापा, रेडियो एवं अनलाइन माध्यमबाट भइरहेको मातृभाषा पत्रकारितासम्बन्धी पर्याप्त जानकारी राख्नसमेत स्थानीय सरकार असफल देखिएका छन् ।

मातृभाषा पत्रकारिताको विकासबारे ठोस योजना बनाउन नसकेका पालिकाहरूले विज्ञापनबापत भुक्तानी गर्ने सञ्चार माध्यमको संख्या विश्लेषण गर्दा पालिकामा बोलिने भाषाभन्दा गैरमातृभाषीको संख्या अत्यधिक छ । स्थानीय एफएमहरूमा मातृभाषाका विज्ञापन बजाउने गरिए पनि जनप्रतिनिधिसम्म पहुँच भएकाहरूले मात्र रेडियोमा विज्ञापन प्राप्त गर्ने गरेको तीतो सत्य लुकेको छैन । प्रेस काउन्सिल नेपालले सार्वजनिक गर्ने पत्रपत्रिका वर्गीकरणको नतिजामा समेत राष्ट्रिय स्तर, प्रदेश स्तर र स्थानीय स्तरको संख्या सार्वजनिक गरेजस्तै मातृभाषाको आधारमा तथ्यांक सार्वजनिक गर्न सकेको छैन ।

जिल्ला प्रशासन कार्यालयहरूमा पत्रपत्रिका दर्ता गर्दाको बखत प्रकाशन हुने पत्रिकाको भाषा निर्धारण गरिने जानकारी सूचना विभागमा पठाइने गरिन्छ । नेपालीबाहेकको मातृभाषा अथवा बहुभाषामा प्रकाशन, प्रकाशन हुने सञ्चार माध्यमको तथ्यांकका लागि छुट्टै अध्ययन नै गर्नुपर्ने देखिन्छ । प्रदेश स्तरमा बनाइएका एवं बनाउन लागिएका मिडिया काउन्सिल अथवा त्यस्तै प्रकृतिका आयोग, समितिले विभिन्न विधा तथा मातृभाषामा भइरहेको पत्रकारिताका विकासका लागि तथ्यांक संकलनलाई प्राथमिकता दिनुपर्ने हो । प्रदेशभित्र बहुलदेखि अल्पसंख्यकसम्ममको मातृभाषामा भइरहेको पत्रकारिताको अभ्यासलाई आधुनिकतासँग जोड्नुपर्ने आवश्यकता छ । नेपालभन्दा बाहिर धेरै युवाहरू रोजगारीमा छन् । ती युवाहरूको मातृभाषा फरक फरक छन् त्यसलाई लक्षित गरेर समेत अहिले नेपालबाट नै पत्रकारिता गर्न सकिने अवस्था छ ।

प्रेस काउन्सिल नेपालले प्रदेश स्तरमा बनाइएका वा बन्न लागेका मिडिया काउन्सिल, प्राधिकरणहरूसँग अल्पसंख्यक, सीमान्तकृतहरूको मातृभाषा पत्रकारिताको विकासका लागि समन्वयकारी भूमिका निर्वाह गर्न सक्छन् । काउन्सिलले मैथिली भाषाको पत्रकारितासँग सम्बन्धित रहेर पुस्तिका प्रकाशन गरे जस्तै अन्य मातृभाषा पत्रकारितासँग सम्बन्धित पुस्तिका प्रकाशनका लागि पहलकदमी आवश्यक छ ।

नेपाल प्रेस इन्स्टिच्युटले २०६० सालमा मैथिली मातृभाषा पत्रकारिता तालिमहरू आयोजना गरेको थियो । त्यसपछि यस संस्थाले समेत मातृभाषा पत्रकारिता प्रवर्द्धनका लागि ठोस योजना बनाउन सकेको छैन । अन्य दातृ निकाय एवं गैरसरकारी संस्थाहरूले मातृभाषा शिक्षाको वकालत र त्यसमा लगानी गरेजस्तै मातृभाषा पत्रकारिताको विकास गर्न सकेका छैनन् ।

केही संस्थाहरूले स्थानीय स्तरबाटै मातृभाषाको पत्रकारितामा योगदान पुऱ्याउन थाले पनि सरकारी नीतिबाट टाढा छ । अल्पसंख्यक, सीमान्तकृत, रैथाने, जनजाति, लोपन्नमुखलगायतको प्रतिनिधित्व गर्नेहरूलाई सोही भाषाका जानकार र पत्रकारिताका प्रशिक्षकबाट दक्षता अभिवृद्धिको लेखनवृत्ति प्रदान गरी आफ्नो मातृभाषा, प्रदेश स्तरमा सबैभन्दा बढी लेखिने र बोलिने भाषा तथा अंग्रेजीमा एकसाथ आमसञ्चार परिचालन गर्नु आवश्यक छ । आमसञ्चार परिचालन भएपछि मातृभाषा संरक्षण र संवर्द्धनमा टेवा पुग्ने छ । एकैसाथ तीनवटा भाषामा त्यही सामग्री प्रकाशन हुँदा त्यसको प्रभाव र बुझाइमा अन्य मातृभाषीलाई समेत कठिनाइ हुने छैन । स्थानीय रेडियो, एफएमहरूले गर्ने पत्रकारिताको कारण मातृभाषा बिग्रिएको र सही उच्चारण नगर्ने गरिएको जस्ता आरोप खेप्नुपर्छ । यी आरोप लगाउने मातृभाषामा एफएमार्फत बोलीको माध्यमबाट पत्रकारिता भइरहेको कुरा बिर्सने गरेका छन् । 'तीन कोसमा पानी र पाँच कोसमा बानी बदलिन्छ' अर्थात् मधेसमा प्रचलित भनाइअनुसार तीन कोसको दूरीमै पानी फरक हुने तथा पाँच कोसको दूरीमा बोलिने भाषामा भिन्नता आउने गर्छ ।

बोलिने भाषाको भिन्नता सप्तरी र महोत्तरीका एफएमले गर्ने मातृभाषा पत्रकारिता सहजै पत्ता लगाउन सकिन्छ । भाषा मैथिली भए पनि सप्तरी र महोत्तरीकै ठाउँपिच्छे एफएममा बोलिने लवज फरक फरक छ, । छापा र अनलाइन पत्रकारिताले प्रभाव पार्ने क्षेत्र, पाठकको फराकिलो दायरा भएकाले यसमा भाषाको एक रूपता आवश्यक छ । साथै यो लेखनको क्षेत्र भएकाले सबैलाई पाँच्य हुने भाषा लेखन शैली अपनाउन जरुरी हुनजान्छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १ सय २३ भाषाहरू पहिलो भाषा अर्थात् मातृभाषाको रूपमा बोल्ने गरिएकोमा भाषा आयोगको प्रतिवेदन २०७६/७७ अनुसार भाषाहरूको संख्या १ सय ३१ पुगिसकेका छन् । राष्ट्रिय जनगणना २०७८ को पूर्ण विवरण सार्वजनिक हुँदा पक्कै पनि मातृभाषाको संख्यामा बढोत्तरी भएर आउनेछ । यसै तथ्यांकको आधारमा पहिलो चरणमा प्रत्येक प्रदेशबाट पाँचवटा अल्पसंख्यक तथा सीमान्तकृतको मातृभाषामा पत्रकारिताको अभ्यास थालनी हुनुपर्ने देखिन्छ । -साभार: रातोपाटी

बजेट अभावमा मदन भण्डारी राजमार्ग

काठमाडौं/झण्डै दुई वर्ष अवधि बाँकी हुँदा मदन भण्डारी राजमार्गको एक तिहाइ निर्माण सकिएको छ । वर्षेनी न्युन बजेट बिनियोजन भइरहँदा राजमार्ग बनाउने लक्ष्य लिइएको अवधिमा सम्पन्न गर्न चुनौतीपूर्ण देखिएको छ ।

चालु आवमा सरकारले दुई अर्ब ८० करोड बिनियोजन गरेको मदन भण्डारी राजमार्ग आयोजनाले जनाएको छ । हालसम्मको भौतिक र वित्तिय प्रगति ३३ प्रतिशत पुगेको छ । यस वर्षको बजेट न्युन छ र आगामी वर्षका लागि पनि त्यही अनुपातमा छुटाउने देखिएको आयोजना प्रमुख अशोक तिवारीले बताए । उनले भने, 'वर्षेनी चाहिनेभन्दा अति कम मात्रै पैसा छुट्टाएको छ ।'

आयोजना विसं २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । यसको जम्मा लागत ७५ अर्ब रहेको छ । हालसम्म २४ अर्ब खर्च भएको आयोजनाले जनाएको छ । सरकारले वार्षिक बजेट दुइ/तीन अर्बका दरले छुट्याउँदा सम्पन्न गर्न लामो समय लाग्नसक्ने उनले बताए । आयोजनाले हेर्ने सडकमा ३६६ किमी सडकको ठेक्का व्यवस्थापन हुन बाँकी छ ।

चालु आवमा आयोजनाले ९० किमी सडक निर्माणका लागि ठेक्का व्यवस्थापनको सहमति मागेको थियो । तीन/चार महिना पहिले सहमति मागिएको भए पनि अर्थ मन्त्रालयबाट अहिलेसम्म सहमति नआएको प्रमुख तिवारीले बताए । उनले भने, 'वार्षिक बजेट कम छुटाउने र थप बजेट माग गर्दा आउन नसक्दा लक्ष्यअनुसार काम गर्न सकिँदैन ।' आयोजनाले चालु आवमा हालसम्म एक अर्ब ५० करोड भुक्तानी गरिसकेको छ । हालसम्म आयोजनाले चार अर्ब २० करोड बराबरको काम गराइरहेको छ । चालु आवमा ८४ प्रतिशत प्रगति भइसकेको आयोजनाले जनाएको छ । यस वर्षको बजेटले लक्ष्यअनुसार सडक नै सम्पन्न नहुने तर थप पैसा हुँदा थप काम गर्न सकिने आयोजनाले जनाएको छ ।

आयोजनाले लक्ष्यभन्दा दोब्बरभन्दा बढी काम गर्न सक्ने भए पनि पैसा कम भएर गर्न गाह्रो भइरहेको प्रमुख तिवारीले बताए । अझै दुई तिहाइ बजेट खर्च गर्न बाँकी रहेकाले यही अनुपातमा बजेट बिनियोजन गर्दा आयोजना सम्पन्न गर्न २० वर्ष लाग्नसक्ने उनले बताए । चालु आवका कुनै पनि सडक कालोपत्र भइसकेका छैनन् । सडकका आधारको काम (बेस)को काम भइरहेको छ । चालु आवमा ४१ किमी सडक कालोपत्रको लक्ष्य रहेको र बजेट व्यवस्थापन हुँदा सकिने उनले बताए । लक्ष्यअनुसार सडक निर्माण गर्न ठेक्का व्यवस्थापनको सहमतिका लागि अर्थ मन्त्रालयले बजेट सुनिश्चित गर्नुपर्ने प्रमुख तिवारीले बताए ।

अर्थमा छ अर्बको सहमति मागेको र आएको छैन । अहिले ठेक्का लागिसकेकामा नौ अर्ब भुक्तानी गर्न बाँकी छ । उनले भने, 'काम गरेपछि भुक्तानी दिनुपर्छ ।'

सडकको अधिकार क्षेत्र (राइट अफ वो)मा ठाउँठाउँमा समस्या भए पनि अहिले निर्माणको काम भइरहेको छ । निर्माणाधीन अरु सडकमा जस्तै यसमा बन क्षेत्रको समस्या भए पनि काम रोकिएको छैन । दुई लेन सडक सात मिटर र सल्जर, नालीगरेर सडकको चौडाइ ११ मिटर रहेको छ । पहिले राष्ट्रिय राजमार्गका आधारमा यसको चौडाइ ५० मिटर कायम भएको थियो । राजमार्ग ११ लेनमा बनिरहँदा पनि अझैसम्म ५० मिटर चौडाइभित्र पर्नै स्थानीयबासीको घरजग्गा रोक्का भएको थियो । अहिले सडकको क्षेत्र (११ मिटर) मात्रै कायम गर्ने गरी फाइल उठाइएको प्रमुख तिवारीले बताए ।

उनले भने, '११ मिटरभन्दा बाहिरको क्षेत्रमा घरजग्गा रोक्का हुँदैन ।' प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिका सदस्य गणेशकुमार पहाडीले सडकको 'राइट अफ वो'को समस्या हटाँदै गएको बताए । उनले ऐनका आधारमा ५० मिटर कायम गरिने व्यवस्था भए पनि स्थानीयवासीको मागका आधारमा १५ मिटर कायम गर्न सुझाव दिइएको बताए । पहिले ५० मिटर सडकको अधिकार र छ मिटर सडकमा नगरपालिकाले छाड्न लगाउँदा ६६ मिटर जग्गा छाड्नुपर्दा नागरिक मर्कामा थिए । उनले भने, 'मापदण्ड कम गर्ने कुरा कार्यान्वयन हुनुपर्छ ।' सरकारले प्राथमिताका दिएको आयोजना भएकाले बजेट व्यवस्थापनमा ध्यान दिइनुपर्ने सांसद् पहाडीले बताए ।

उनका अनुसार सरकारले बजेट व्यवस्थापन गरेपछि मात्रै आयोजनाले ठेक्का व्यवस्थापन गरेर काम अघि बढाउन सक्छ । आयोजनाको पूर्वीखण्डमा निर्माण सक्ने लामो समय नलाग्ने देखिए पनि पश्चिम खण्डमा दुई वर्षमा नसकिने देखिएको उनले बताए ।

राजमार्गको जम्मा लम्बाई एक हजार ३९० किमी रहेको छ । त्यसमध्ये आयोजनाले ७४० किमी सडकमा निर्माणको काम गरिरहेको छ । त्यस बाहेकका बाँकी सडक अरु निकायले गरिरहेका छन् । हालसम्म २४१ किमी सडक सम्पन्न भइसकेको छ भने ७७ पुल सम्पन्न भएको आयोजनाले जनाएको छ । विसं २०७५/७६ मा शुरु भएकामा यो आयोजना २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

नयाँ ट्र्याक खोल्नेभन्दा पनि पहिले नै सञ्चालनमा रहेका सडकलाई स्तरोन्नतिको काम यो राजमार्गमा बढी रहेको छ । विगतमा स्थानीय सडकका रुपमा रहेकालाई राजमार्गस्तरमा स्तरोन्नतिको काम बढी भएको छ ।

पूर्वपश्चिम जोड्ने पूर्व-पश्चिम (महेन्द्र) राजमार्ग, मध्यपहाडी (पृष्थलाल) राजमार्ग, हुलाकी राजमार्ग पछि चौथो राजमार्गका रुपमा यो राजमार्ग रहेको छ ।

-साभार: रातोपाटी

घनश्यामको 'लन्डन टु पेरिस'मा साम्राज्ञी

काठमाडौं/अभिनेत्री साम्राज्ञी आरएल शाहको सुरुवाती करिअर जबर्जस्त रहयो । डेब्यू फिल्म 'ड्रिम्स' सफल हुनुका साथै उनको अभिनयको पनि प्रशंसा भएपछि साम्राज्ञीले करिअर फर्कर हेर्नु परेन । दोस्रो फिल्म 'ए मेरो हजुर २' पनि सफल हुँदा उनी निर्माता/निर्देशकको पहिलो रोजाई बनिन् । फिल्म 'इन्टु मिन्टु लण्डनमा'ले पनि उनलाई राहत नै दियो । तर, अरु फिल्मले भने उनको स्टारडम बचाउन सकेन ।

पछिल्लो पटक निकै आश गरेका दुई फिल्म 'मारुनी' र 'रातो टीका निधारमा' असफल भएपछि निराश भएकी साम्राज्ञीले दुई वर्ष नयाँ फिल्म साइन गरिनन् । कोरोना महामारी समयमा भने उनले निर्देशकहरु मिलन चाम्स, प्रवेश पौडेल, डा. कपिल रिजाल र र मेश एमके पौडेलका गरी चार फिल्म साइन गरिन् । जसमध्ये मिलन र प्रवेशको फिल्मको छायांकन सुरु हुन सकेको छैन ।

फागुन अन्तिममा कपिल रिजालको 'ह्यारीकी प्यारी'को छायांकन पूरा गरेकी साम्राज्ञीले मंगलवार नयाँ फिल्म साइन गरेकी छन् । समीक्षात्मक रुपमा सफल मानिएको फिल्म 'पञ्चेबाजा'का निर्देशक घनश्याम लामिछानेको निर्देशनमा बन्न लागेको 'लन्डन टु पेरिस' नामक फिल्ममा उनी अनुबन्ध भएकी हुन् । एबी इन्टरनेसनलले निर्माण गर्न लागेको फिल्म बेलायत र फ्रान्समा छायांकन हुनेछ ।

फिल्ममा अमित बस्नेत, अजित केआर थापा, परी राना, अंकित गौतम, अजित सिंह र सनिष खड्रेको लगानी रहनेछ । आगामी असारबाट फिल्मको छायांकन सुरु हुने निर्देशक लामिछानेले जानकारी दिए । फिल्म 'पासवर्ड' यता एबी इन्टरनेसनलले लगातार फिल्म निर्माण गर्दै आएको छ । यो कम्पनीको 'सम्झालिन्छ कहिले मन' प्रदर्शनको पखाईमा छ भने 'हनी बनी' निर्माणको तयारीमा छ । *-साभार: फिल्मीखबर*

सगरमाथा चढ्न १४ रसियाली आरोहीले लिए अनुमति

काठमाडौं/रुस र युक्रेनको युद्धका बीच युक्रेनले नेपाल सरकारलाई पत्र लेखी रुसी आरोहीलाई आरोहणमा रोक लगाउन माग गरेको छ ।

नेपाल सरकारले भने कुनै पनि आरोहीलाई रोक लगाएको छैन । पर्यटन विभागका अनुसार नेपालमा सगरमाथा चढ्न रुसी आरोही आउने क्रम जारी छ । बुधबारसम्म कुल १४ जना रुसी पर्वतारोहीले सगरमाथा चढ्न अनुमति लिइसकेका छन् । विभागको तथ्यांक अनुसार बुधबारसम्म कुल १९ समूहका १७६ जना आरोहीले सगरमाथा चढ्न अनुमति लिएका छन् । जसमा रुसबाट ४ महिलासहित १४ जनाले अनुमति पाइसकेका छन् ।

सगरमाथाबाहेक अन्य हिमालका लागि भने २ जना रुसी नागरिकले अनुमति लिएको तथ्यांक छ । यसअनुसार कुल १६ रुसी आरोहीले बुधबार सम्म हिमाल चढ्न अनुमति प्राप्त गरेका हुन् ।

यसबीचमा अर्को युद्धरत मुलुक युक्रेनबाट भने एक जना पनि आरोही आएका छैनन् । बुधबारसम्म सगरमाथा चढ्न सबैभन्दा धेरै अमेरिकाबाट ४२ जनाले अनुमति लिएका छन् । बेलायतबाट २१, भारतीय १५, नेपाल र क्यानडाबाट १०/१० जनाले अनुमति लिएका छन् । सगरमाथा चढ्न कुल ३८ मुलुकका नागरिकले अनुमति लिएका हुन् । सगरमाथासहित कुल १६ वटा हिमाल चढ्न बुधबारसम्म ५३ समूहका ४५१ जनाले आरोहण अनुमति लिएका छन् । यसममा कुल ५९ मुलुकबाट नागरिक नेपाल आएका हुन् । सबैभन्दा धेरै अमेरिकाबाट ८१ जना आएका छन् । -साभार: अनलाईनखबर

अर्थविद् भन्छन्- अर्थतन्त्र सुधारमा उपेक्षा भयो

काठमाडौं/ अर्थविद्हरुले नेपालको अर्थतन्त्र संकटमा पर्न लागेको भएपनि सरकारले उपेक्षा गरेको आरोप लगाएका छन् । मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा अर्थविद्हरुले नेपालको अर्थतन्त्र संकटोन्मुख रहेको बताएका हुन् ।

अर्थविद् डा. डिल्लीराज खनालले अर्थतन्त्रका संकेत राम्रो नभएको र अर्थतन्त्र गम्भीर संकटतर्फ गइरहेको बताए । उनले सरकारले अहिलेदेखि नै सजग भएर नीति निर्माण गर्न आवश्यक रहेको बताए ।

उनले नेपालको अर्थतन्त्रमा एकातिर अर्थतन्त्र ह्रासमुलक हुने, मन्दीतिर जाने हो कि भन्ने हुने, अर्कोतिर सधैं आयात व्यापक रुपमा बढ्ने र मूल्यवृद्धि पनि व्यापक हुने किसिमको जटिल भ्रुण देखिएको बताए । उनले अर्थविदबाट देशको अर्थतन्त्र गम्भीर रहेको विषय बारम्बार उठाउँदा समेत सरकारका जिम्मेवार व्यक्तिले नै यसमा चासो नदिएको बताए । जिम्मेवार पक्षले समेत अर्थतन्त्र सुधारमा चासो नदेखाउँदा श्रीलंकाको भल्को आएको उनको भनाइ छ ।

अर्थविद् खनालले भने, 'अर्थतन्त्रका संकेतहरु राम्रा छैनन्, गम्भीर संकटतर्फ अर्थतन्त्र जाँदैछ, त्यसकारण अहिलेदेखि नै सरकार बढी सजग भएर कतिपय नीतिहरु लिनुपर्छ ।' यस्तो नीति बजेट वा पूँजीगत खर्चको मात्रै पक्ष नभएर मौद्रिक वा वित्तीय नीति, व्यापार नीति र विदेशी मुद्राको सञ्चितिसँग समेत जोडिने उनको तर्क छ ।

अर्थविद् डा. विश्वम्भर प्याकुरेलले रेमिट्यान्स कुन गतिमा गइरहेको छ भन्ने कुराको आकलन गर्न नै गाह्रो हुन थालेको बताए । नेपालमा अहिले अर्थमन्त्रालय, योजना आयोग र राष्ट्र बैंकबीच समन्वय नभइरहेको भन्दै यी तीनै अंग एकै ठाउँमा उभिएर अर्थतन्त्र सुधारमा नयाँ नीति ल्याउनुपर्ने प्याकुरेलको सुझाव छ । अर्थविद् प्याकुरलले नेपालमा पनि राजनीतिक दलहरुमा परिवारवादलाई छोड्न नसकेकोले सानो भ्रष्टाचार मात्रै बाहिर आउने गरेको उल्लेख गरे ।

ठूला भ्रष्टाचारका मुद्दाको सुनुवाइ नहुँदा अर्बौं रुपैयाँ फ्रिज भइरहेको उनको भनाइ छ । उनले श्रीलंकामा भ्रष्टाचारका कारण उत्पन्न भएको पछिल्लो परिस्थितिलाई गम्भीर रुपमा लिन समेत आग्रह गरे । अर्थविद् डा. चन्द्रमणि अधिकारीले नेपाल अत्यधिक परनिर्भर हुनुको प्रभाव अहिले अर्थतन्त्रमा देखिएको बताए ।

उनले भोलिको नेपालको अर्थतन्त्र कस्तो हुन्छ भन्ने कुराको अनुमान गर्न कठिन भइरहेको भन्दै अनिश्चितताको अवस्था हटाउन सुझाव दिए । नेपालको अर्थतन्त्रमा विश्वव्यापी परिस्थितिको समेत प्रभाव परेको उनको भनाइ छ ।

अर्थविद् अधिकारीले राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र अन्य मन्त्रालयहरु मिलेर मौद्रिक नीतिबाट भएका नकारात्मक पक्षलाई आर्थिक र वित्तीय नीतिबाट हस्तक्षेप गर्नुपर्ने सुझाव समेत दिए । -अनलाईन

सदस्य-सचिव घिसिडले कार्यभार सम्हाले

काठमाडौं/राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिडले बुधबार कार्यभार सम्हालेका छन् । मन्त्री परिषद्को मंसिर १३ गतेको निर्णयानुसार घिसिड सदस्य-सचिवमा नियुक्त भएका थिए ।

राखेपका तत्कालीन सदस्य-सचिव रमेशकुमार सिलवालले आफूलाई जिम्मेवारी मुक्त गरेको र नयाँ सदस्य-सचिव नियुक्ति विरुद्ध सर्वोच्च अदालतमा रित दायर गरेका थिए । सो रिट उपर मंसिर ३० गते न्यायधीश हरि फुयाँलको एकल इजलासले सदस्य-सचिव नियुक्ति प्रक्रिया यथास्थितिमा राख्न अल्पकालीन आदेश जारी गरेपछि सदस्य-सचिव घिसिड राखेपमा अनुपस्थित थिए ।

मन्त्री परिषद्को कात्तिक १ गतेको निर्णयले सदस्य-सचिव सिलवाललाई जिम्मेवारी मुक्त गरेको थियो । चैत २२ गते सर्वोच्चका न्यायधीशद्वय अनिलकुमार सिन्हा र कुमार रेग्मीको संयुक्त इजलासले सिलवालको रिट खारेज गरेपछि सदस्य-सचिव घिसिडलाई काममा फर्कन बाटो खुलेको हो । ३ महिना ३ हप्तापछि सदस्य-सचिव घिसिड काममा फर्केका हुन् ।

कार्यभार सम्हालेपछि सदस्य-सचिव घिसिडले भने- 'नेपाल खेलकुदका लागि यो अवधि सकसपूर्ण र पीडादायी भो । यसले खेलकुद क्षेत्रमा अपूर्णिय क्षति पुगेको छ । यो बिचमा नेपाली खेलकुद जति तीव्र रुपले अगाडि बढ्नु पर्ने हो त्यसमा अवरोध भएको छ । अब त्यो अवरोधलाई चिर्दै खेलकुद्लाई चलायमान बनाउन अगाडि बढ्ने छु ।'

त्यसअघि राखेपका उपाध्यक्ष शिव कोइराला, निमित्त सदस्य-सचिव कुलबहादुर थापा, विभागीय प्रमुख, शाखा प्रमुख, खेलाडी, प्रशिक्षक, कर्मचारीलगायतले सदस्य-सचिव घिसिडको स्वागत गरेका थिए । - साभार: हाम्रो खेलकुद

एभीएमलाई दोहोरो स्वर्ण

काठमाडौं/आदर्श विद्या मन्दिर (एभीएम)ले पूर्णमान बज्राचार्य स्मृति राष्ट्रिय खुला टेबलटेनिसको ११औं संस्करणमा बुधबार दोहोरो स्वर्ण पदक जितेको छ ।

एभीएमले टिम इभेन्टको पुरुष र महिला दुवैमा स्वर्ण पदक जित्न सफल भएको हो ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको प्रतियोगितामा पुरुषतर्फको फाइनलमा एभीएमले पुष्पसदनलाई ३-० को नतिजामा पराजित गदै उपाधि जितेको हो ।

सो स्पर्धामा सिर्जना ज्ञान सागर र एम्बाल्ड एकेडेमी कास्य पदक जितेका छन् ।

काठमाडौं जिल्ला टेबलटेनिस संघद्वारा आयोजित प्रतियोगितामा महिलातर्फको उपाधि भिडन्तमा एभीएमले प्रभातलाई ३-० कै नतिजामा हराउँदै स्वर्ण पदक जितेको हो ।

सिर्जना ज्ञान सागर र प्रोक्सिमाले काश्य पदक जिते । फरक क्षमता भएकातर्फ पुरुष बहिरा एकलमा सुशान्त लामाले स्वर्ण र अनिल हमालले रजत पदक जिते भने सुशिल गुरुङ र दावा शेर्पाले कास्य पदक जिते । -बाइखरीबाट

भृकुटीण्डपमा स्टक क्लियरेन्स मेला सुरु

काठमाडौं/राजधानीको भृकुटीण्डपमा स्टक क्लियरेन्स मेला सुरु भएको छ । सस्तो मूल्यमा एकै छानामुनी स्वदेशी तथा विदेशी सामानहरू खरिद गर्न सक्नेगरी मेला आयोजना गरिएको हो । इभेन्ट सोलुसन प्रालिले आयोजना गरेको मेलामा ५० भन्दा बढी स्टलमा दैनिक उपभोग्य सामग्रीका साथै वस्तु तथा सेवा उपलब्ध हुने इभेन्ट सोलुसनका प्रबन्ध निर्देशक विजय सागर प्रधानले बताए । 'दसैंको बेला सस्तो मेला' भन्ने नाराका साथ आयोजना हुने स्टक क्लियरेन्स मेला ५ दिनसम्म सञ्चालन हुनेछ । -साभार: बाइखरी

बारको अध्यक्षमा घिमिरेको अग्रता कायमै

काठमाडौं/नेपाल बार एसोसिएसनको केन्द्रीय कार्यसमितिका लागि भएको महाधिवेशनको मत मतगणना जारी छ ।

जारी मतगणना अनुसार अध्यक्षका प्रत्यासी गोपालकृष्ण घिमिरे आफ्नो अग्रता कायमै राखेका छन् । गठबन्धनबाट अध्यक्षका प्रत्यासी बनेका घिमिरेले १९९० मत पाएका छन् । प्रगतिशील समूहबाट अध्यक्षमा उम्मेदवारी दिएका विष्णुमणि अधिकारीले १००४ मत प्राप्त गरेको छन् ।

यस्तै महासचिवका उम्मेदवारमध्ये गठबन्धनकी अन्जिता खनालले १७६५ मत पाउँदा प्रगतिशील खेमाका केदारप्रसाद केइरालाले ११७५ मत पाएका छन् । -रातोपाटी

लागुऔषध र नापतौल मेसिनसहित दुई जना पक्राउ

सुर्खेत/सुर्खेतको वीरेन्द्रनगरबाट लागुऔषधसहित दुई जना पक्राउ परेका छन् । बुधबार दिउँसो सुर्खेतको वीरेन्द्रनगर-१० पदमपुरबाट वीरेन्द्रनगर-१३ का कर्ण बास बोहोरा र भिमा तामाङलाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता प्रहरी नायब उपरीक्षक रामप्रसाद घर्तीका अनुसार उनीहरूले लागुऔषधको कारोबार गरिरहेको भन्ने गोप्य सूचनाका आधारमा पक्राउ गरिएको हो ।

पक्राउ परेका बोहोरा र तामाङको साथमा ८.६७० ग्राम ब्राउन सुगर र ७.१४० ग्राम सेतो हिरोइन फेला परेको छ । उनीहरू बस्ने कोठा खानतलासी गर्दा लागुऔषधसँगै दुई थान नापतौल गर्ने मेसिन, एउटा एटिएम कार्ड, लागुऔषध सेवनमा प्रयोग गरिने चम्चा, दुई थान मोबाइल र १ लाख ५६ हजार १२० रुपैयाँ पाइएको छ । डिएसपी घर्तीका अनुसार उनीहरूको साथमा पाइएको सामान बरामद गरी पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा राखिएको छ ।

-साभार: सेतापाटी

कागजात हराएको सूचना

निम्न व्यहोराको ब्लुबुकसहित सम्पूर्ण कागजात २०७८ चैत ३ गते हेटौंडा-११, थानाभ्याडदेखि बुढचोक आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

सवारी धनीको नाम: सेन्चुरी बैंक (ऋणी अमज श्रेष्ठ)
सवारी नम्बर: ना १ ज ४८७८
चेसिस नम्बर: MAT446502EEJ08251
इन्जिन नम्बर: 497SPTC43JVY635825
सम्पर्क फोन नम्बर: ९८५५०६८८७३

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई दुबक हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले ल्याएको तरङ्ग

हेटौंडा अस्पताललाई अलग्याउने निर्णयमा पूर्वमुख्यमन्त्रीको आपत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हेटौंडा अस्पताललाई अलग्याउने निर्णयप्रति बागमती प्रदेशकाटे पूर्व मुख्यमन्त्री डोरमणि पौडेलले आपत्ति जनाएका छन् ।

बागमती प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश ल्याउने निर्णय गरेको थियो । उक्त अध्यादेश जारी भएसँगै प्रतिष्ठानबाट हेटौंडा अस्पताल अलग हुने भएपछि पूर्वमुख्यमन्त्री पौडेलले आपत्ति जनाएका हुन् । पौडेलले प्रदेश सरकारको नेतृत्व गर्दा मकवानपुर जिल्लाको एकमात्रै सरकारी अस्पताललाई प्रतिष्ठानमा गाभेका थिए ।

तर, प्रदेश सरकारले अस्पताललाई अलग्याउने र प्रतिष्ठानलाई चितवन सार्ने प्रयत्नस्वरुप अध्यादेश ल्याइएको भन्दै पौडेलले असन्तुष्टि जनाएका हुन् ।

बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै उनले आफू नेतृत्वको सरकारले हेटौंडा अस्पतालको स्वामित्वसमेत लिने गरी प्रतिष्ठानमार्फत् हेटौंडा अस्पतालको स्तरोन्नतिको कार्य गरेको दाबी गर्नुहुँदै अध्यादेशमार्फत अस्पताल र प्रतिष्ठानलाई छुट्याउनु गलत भएको बताए । मकवानपुरे जनताको स्वास्थ्य सेवामा महत्वपूर्ण उपलब्धि हुँदै गरेको प्रतिष्ठान र अस्पताललाई टुक्र्याउने र कमजोर बनाउने कार्यको मकवानपुरबाटै निर्वाचित प्रदेश सभा सदस्य र मन्त्रीले समेत रोक्ने प्रयत्न नगर्नु दुःखद् भएको पौडेलको भनाइ छ ।

'मकवानपुरे जनताको सेवा, सुविधामा हस्तक्षेप हुने निर्णयमा कम्तिमा मकवानपुरबाटै निर्वाचित प्रदेशसभा सदस्य र मन्त्रीले समेत बिरोध नगर्नु दुःखद् विषय हो', उनले भने । आफू नेतृत्वको सरकारले प्रदेशकै गौरवको योजनाको रुपमा अगाडि सारेर उल्लेखनीय उपलब्धि हासिल गरेको प्रतिष्ठानलाई सार्ने, कमजोर बनाउने कार्य भएको उनको आरोप छ । प्रतिष्ठानमातहत आएपछि हेटौंडा अस्पतालमा विशेषज्ञ चिकित्सकको संख्यामा बृद्धि भएको, सघन उपचार कक्ष (आईसीयु), एचडीयू वार्ड स्थापित हुनुका साथै प्रयोगशालाको क्षमता विकास गर्ने काम भएको पौडेलले उल्लेख गरे ।

प्रतिष्ठानको थप विकासका लागि छुट्याइएको डेढ अर्ब बजेट ५/५ लाखका टुक्रे योजनामा खर्च गर्ने वर्तमान सरकारको निर्णय कार्यकर्ता पाल्ने योजना भएको पौडेलले आरोप लगाए । प्रदेश सरकारले प्रतिष्ठानलाई स्वायत्त संस्थाको रुपमा स्थापना गर्न र आफ्नै अस्पतालको व्यवस्था गर्न अध्यादेश ल्याउन लागिएको बताएको छ ।

हेटौंडा उपमहानगरद्वारा खेद प्रकट

हेटौंडा उपमहानगरपालिकाले मदन भण्डारी स्वास्थ्य विज्ञान अर्न्तगतको हेटौंडा अस्पतालाई प्रतिष्ठानबाट अलग बनाउन ल्याइएको अध्यादेश खेद प्रकट गरेको छ । बुधबार एक विज्ञप्ती जारी गर्दै हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले प्रदेश सरकारको उक्त निर्णय हेटौंडावासीलाई मान्य नभएको बताएका छन् ।

महतले विज्ञप्तीमार्फत् सरकारसँग उक्त निर्णय तत्काल बदर गर्न माग गरेका छन् । शिक्षण अस्पताल निर्माणको लागि धमाधम भवन निर्माण जारी रहेको अवस्थामा वर्तमान सरकारले गरेको क्रियाकलापले हेटौंडामा स्वास्थ्य सेवा कमजोर बनाइन खोजिएको भन्दै नगरबासीलाई उक्त निर्णय मान्य नहुने उल्लेख गरिएको छ ।

अस्पताललाई प्रतिष्ठानबाट अलग्याउन लागेकोमा विरोध प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ बागमती प्रदेश सरकारले हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग्याउन लागेको भन्दै हेटौंडामा बिरोध प्रदर्शन भएको छ ।

बागमती प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश ल्याउने निर्णयको विरुद्धमा हेटौंडामा प्रदर्शन भएको हो । प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले राजनीतिक प्रतिसोध साँधनको लागि शिक्षण अस्पतालको रुपमा विकास भइरहेको अस्पताललाई पुनः पुरानै अवस्थामा ल्याउने गरी अध्यादेश ल्याउनु मकवानपुरे जनताको स्वास्थ्य माथिको खेलवाड भएको भन्दै एमालेका जनवर्गीय संगठनले बिरोध गरेका हुन् । जनवर्गीय संगठनका नेताहरूले हात तथा टाउकोमा कालोपट्टी बधिर बिरोध प्रर्दशन गरेका थिए ।

उनीहरूले बागमती प्रदेश सरकारले जनबिरोधी काम गरेको भन्दै अध्यादेश फिर्ता नभए कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् । 'स्वास्थ्य विज्ञान प्रतिष्ठान सार्न पाइँदैन, जनता मार्न पाइँदैन' नारा सहितको प्लेकार्ड बोकेका युवाहरूले प्रर्दशन गरेका हुन् ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाबाट सर्दैन: *स्वास्थ्यमन्त्री लामा*

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाबाट सार्न नखोजिएको बताएका छन् ।

मकवानपुरका राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिहरुसंग मन्त्रालयमा छलफल गर्दै मन्त्री लामाले प्रतिष्ठान हेटौंडाबाट सार्न खोजिएको भन्दै फैलाएको हल्ला गलत भएको बताएका हुन् । उनले प्रतिष्ठानलाई सार्न खोजेको भन्ने कुरा भ्रममात्रै भएको बताउँदै हेटौंडामा नै जग्गा प्राप्त गरेर संरचना बनाउने प्रक्रिया अघि बढेकोले अन्यत्र सर्ने कल्पना नगर्न आग्रह गरे ।

हेटौंडा अस्पतालको अहिलेकै संरचना र अवस्थामा मास्टर्स तहको अध्ययन गराउन सकिने अवस्था नभएकोले नजिकैको अस्पताल भरतपुरलाई अध्ययनका लागि मात्रै लिइएको बताउँदै उनले स्नातक तहका ३ विषयको कक्षाहरु हेटौंडामा नै संचालन भइरहेको स्पष्ट पारे । प्रतिष्ठान बागमती प्रदेशको गौरब भएकाले यसलाई व्यवस्थित गर्न प्रदेश सरकारबाट २० करोड र संघीय सरकारबाट संरचनाका लागि ९५ करोड रुपियाँ बजेट उपलब्ध भएकोले हेटौंडामा पूर्वाधार विकास गर्न लागिएको बताए । उनले अघिल्लो सरकारले जग्गासमेत प्राप्ति नगर्दा काम अघि बढाउन समस्या भएकाले यसको यथाशीघ्र समाधान गरिने बताए ।

हेटौंडा अस्पताललाई बागमती प्रदेशकै नमूना अस्पताल बनाउन प्रदेश सरकारले विगतमा पनि बजेट उपलब्ध गराएको र अहिले पनि उपकरण र जनशक्ति थप गर्नेतर्फ काम भइरहेकोले अस्पतालको सेवा भन्न प्रभावकारी बनाइने बताए ।

उनले अफवाह र भ्रमामा नपर्न र प्रतिष्ठान र अस्पताललाई थप प्रभावकारी र व्यवस्थित गर्न राजनैतिक दलहरुको समेत बुझाव आवश्यक रहेकाले उपलब्ध गराउन आग्रह गरे । प्रतिष्ठानको ऐनले पुरानो सामाजिक विकास मन्त्रालयको परिकल्पना गरेको लगायतका विषयमा सुधार गर्नुपर्ने भएको पनि अध्यादेश आवश्यक भएको बताए । सरोकारवालाहरुको माग अनुसार हेटौंडा अस्पताललाई थप सशक्त बनाउन प्रतिष्ठानबाट अलग गरिएको उनको भनाइ छ ।

प्रतिष्ठान अहिलेकै अवस्थामा भने चल्न नसक्ने भएकोले यसलाई प्रभावकारी ढंगबाट अघि बढाउन प्रतिष्ठानसम्बन्धी अध्यादेश ल्याएको बताउँदै मन्त्री लामाले प्रतिष्ठान स्थापनाकालदेखि ३ वर्षसम्ममा देखिएका समस्यालाई पनि अहिले समाधानको काम भइरहेको बताए ।

छलफलमा नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ, सचिव नवीन सिग्देल, कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, सचिव भीमसेन महत, प्रदेश सदस्य चम्फुरत्न लामा, माओवादी केन्द्र मकवानपुरका सचिव भिम पाखिन, राप्रपा नेपाल मकवानपुरका गुरूप्रसाद सापकोटा, मन्त्रालयका सचिव बद्रीबहादुर खड्कालगायतको उपस्थिति थियो ।

बाराको भलिबल प्रतियोगिताको उपाधि मकवानपुरलाई

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ बाराको पाँचौं नक आउट भलिबल प्रतियोगिताको उपाधि मकवानपुरको केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानले जितेको छ ।

प्रतिष्ठानले बुधबार बाराको कोहल्वीमा सम्पन्न फाइनल खेलमा स्थानीय समाज सेवा युवा क्लबलाई ३-२ को सेटमा पराजित गर्दै उपाधि जितेको हो । पहिलो सेट १७-२५ ले गुमाएको प्रतिष्ठानले दोस्रो सेटमा प्रतिस्पर्धात्मक नतिजा निकाल्ने क्रममा २८-२६ को अंक रहयो ।

तेस्रो सेट २५-१९ ले जित्दै २-१ ले खेल आफ्नो पक्षमा पारे पनि चौथो सेट प्रतिस्पर्धात्मक २६-२८ ले हार्न पुग्यो । २-२ को बराबरीमा पुगेपछि अन्तिम सेट प्रतिष्ठानले १५-९ ले आफ्नो पक्षमा पार्दै उपाधि जित्न सफल भएको हो । उपाधिसँगै केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानले एकलाख रुपियाँ नगद हात पारेको छ भने दोस्रो हुने समाज सेवा युवा क्लबले ५० हजार रुपियाँ प्राप्त गरेको छ । प्रतियोगितामा प्रतिष्ठानका अशोक श्रेष्ठ उत्कृष्ट खेलाडी, विवश आले उत्कृष्ट सेटर घोषित हुँदा समाज सेवा युवा क्लबका सुरेन्द्र गुराउ उत्कृष्ट स्पाइकर घोषित भए । प्रतियोगितामा ९ टिमको सहभागिता थियो । फाइनलमा टिमलाई हौसला प्रदान गर्न प्रतिष्ठानका उपाध्यक्ष राजन दाहाल खुसराज, महासचिव बसन्त सिटौला र कोषाध्यक्ष छवि सुवेदी कोहल्वी पुगेका थिए । स्थानीय जनजागृति महिला तथा पुरुष उत्थान केन्द्रको आयोजना तथा कोहल्वी नगरपालिकाको आर्थिक सहयोगमा प्रतियोगिता आयोजना गरिएको थियो ।

हेटौंडामा प्रेस युनियनको महाधिवेशन तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ नेपाल प्रेस युनियनको महाधिवेशनको तयारी तीव्र बनाइएको छ ।

हेटौंडामा हुने महाधिवेशनका लागि तयारी तीव्र पारिएको हो । नवौं महाधिवेशनको उद्घाटन तथा निर्वाचन, आवास तथा भोजन, आर्थिक पक्षसहित समग्र व्यवस्थापनको बारेमा केन्द्रीय टोली र मकवानपुर शाखाबीच बुधबार छलफल भएको छ ।

कार्यक्रममा सहभागीहरूले मतदाता नामावली निश्चित समय अगावै टुंगो लगाउने, प्रतिनिधि दर्ता अगावै गर्ने र शुल्क भुक्तानीलाई बैंकिङ प्रक्रियामार्फत, सचिवालय स्थापनालगायतबारे सुझाव दिएका थिए । कार्यक्रममा हेटौंडामा हुने अधिवेशनलाई व्यवस्थित गर्न कुनै कसर नराख्ने मकवानपुर शाखाले प्रतिबद्धता व्यक्त गरेको थियो ।

आगामी जेठ १३ र १४ गते प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्ने अधिवेशन तयारीका लागि स्थानीय समन्वय समितिको संयोजकमा राममणि दाहाल, सहसंयोजक गिरिजा अधिकारी, सचिवालय मञ्च तथा स्वागत समिति संयोजकमा कुमार अधिकारी, आवास समिति संयोजकमा रूपेश दुलाल र भोजन समिति संयोजकमा सुजन बिडारी छन् । छलफलमा युनियनका केन्द्रीय अध्यक्ष बद्री सिग्देल, कार्यवाहक महासचिव भिष्मराज ओझा, कोषाध्यक्ष सरोज अधिकारी, केन्द्रीय सदस्य राममणि दाहाल, सिर्जना अर्याल, वसन्त अधिकारी, गिरिजा अधिकारी, पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रूपेश दुलाल, महासंघ जिल्ला अध्यक्ष एवम् युनियन मकवानपुर उपाध्यक्ष मणिराज गौतम, युनियन मकवानपुर अध्यक्ष कुमार अधिकारीलगायत उपस्थिति थिए ।

स्वास्थयकर्मीसंग कांग्रेस प्रदेश सभापति बानियाँको छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले स्वास्थ्यकर्मी संघ मकवानपुरका स्वास्थ्यकर्मीहरुसँग स्थानीय तह निर्वाचनको विषयमा छलफल गरेका छन् ।

आगामी वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनमा कांग्रेसलाई जिताउन स्वास्थ्यकर्मीहरुको भूमिकाको विषयमा बानियाँले छलफल गरेका हुन् । छलफलमा उनले बारेमा बुझाउन आग्रह गरेका थिए । कार्यक्रममा दुईजना चिकित्सकसहित २२ जना स्वास्थ्यकर्मी कांग्रेसमा प्रवेश गरेका हुन् । संघमा आवद्ध स्वास्थ्यकर्मीहरुलाई विभिन्न अस्पतालमा कार्यरत् चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कांग्रेसको गरेको संघका उपाध्यक्ष सुधीर दाहालले जानकारी दिए । उनका अनुसार डा. सुवास बनईता र डा. बिजय कुमार कांग्रेस पार्टीमा प्रवेश गरेका हुन् ।

ज्येष्ठ नागरिक मञ्च गठन

हेटौंडा, २३ चैत/ हेटौंडा-६ मा ज्येष्ठ नागरिक वडा मञ्च गठन भएको छ ।

बुधबार रानी सामुदायिक वन उपभोक्ता समूहको सभाहलमा सम्पन्न भएको वडा भेलाले बासुदेव सापकोटाको अध्यक्षतामा ८ सदस्यीय ज्येष्ठ नागरिक वडा मञ्च सर्वसम्मत् चयन गरेको हो ।

समितिको सचिवमा जीवकुमारी पौडेल, कोषाध्यक्षमा भीमसेन पौडेल सर्वसम्मत चयन भएका हुन । सदस्यहरुमा पूर्णबहादुर राई, भीमबहादुर महत, रजनी गौतम, सरस्वती चौलागाई र रामप्रसाद खतिवडा चयन भएका हुन् । मञ्च गठन ज्येष्ठ नागरिक जिल्ला संघ, मकवानपुको आयोजना र हेटौंडा उपमहानगरपालिकाको सहयोगमा भएको हो । कार्यक्रम हेटौंडा-६ का वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाईको प्रमुख आतिथ्यता एवम् ज्येष्ठ नागरिक मञ्च मकवानपुरका अध्यक्ष हरिप्रसाद सिग्देलको अध्यक्षतामा भएको थियो । कार्यक्रममा टोल विकास संस्था वडा समन्वय समिति, हेटौंडा-६ का अध्यक्ष केशव धिताल, नवप्रभात टोल विकास संस्थाकी अध्यक्ष शोभा घिमिरे, भुलभुले टोल विकास संस्थाका अध्यक्ष रिपुप्रसाद गौतमलगायतको उपस्थिति थियो ।

मकवानपुरगढी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
वागमती, प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति:२०७८/१२/२२

यस मकवानपुरगढी गाउँपालिकाको आ.व ०७८/०७९ को लागि वागमती प्रदेश सरकारको विशेष अनुदान तथा गाउँपालिकाको आन्तरिक कोषबाट यस गाउँपालिकाको वडा नं. २ मा रहेको छाप खानेपानी योजना निर्माण कार्यको लागि मिति २०७८/११/११ गते प्रकाशित बोलपत्र मार्फत खानापनी निर्माण गर्न माग गरिए अनुसार पर्न आएको बोलपत्रहरु यस कार्यालयमा मिति २०७८/१२/११ गते खोलिएको र उक्त बोलपत्रहरु उपर विभिन्न मितिमा बसेको बोलपत्र मुल्यांकन समितिको निर्णय अनुसार निम्न बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भइ स्वीकृतको लागी छुनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सबै सिलबन्दी बोलपत्रदाताहरुको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	ठेक्का नं.	विवरण	कवोल अङ्क	फर्मको को नाम	कैफियत
१.	MRM/NCB/11/2078/079	Construction of Chhap Domestic Water supply Scheme	4662188.05 (With Vat)	Vision/pradesh samriddhi Jv, Lead; Pradesh Samriddhi Construction and Suppliers pvt.ltd sub; Vision Construction	

प्रमुख प्रशासकिय अधिकृत



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७०१६६४, ९८५५०३१९६६४

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)


खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

जैविक मलका फाइदाहरू
रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हदसम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुषित बनाई इन्जाईम प्रकृयालाई अवरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदणित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

त्यसैले जैविक मल नै प्रयोग गरौं ।
स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं

पाइने स्थान:
सामुदायिक कृषि सहकारी संस्था लि.
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

www.sajhakuranews.com
साझाकुरा
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना